# हरिपूर्वा नगरपालिकाको आ.व. ०७८।०७९को लागि आठौ नगरसभामा प्रस्तुत बजेट ,निति तथा कार्यक्रम

हरिपूर्वा नगरपालिका, नगर कार्यपालिकाको गरिमामय आठौ नगर सभामा उपस्थित नगर उप प्रमुख ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, वडा अध्यक्ष तथा नगर कार्यपालिकाका सदस्य ज्यूहरु, नगर सभाका सम्पूर्ण सदस्यमित्रहरु, कर्मचारी वर्गहरु सर्वप्रथम् राष्ट्रिय स्वाधिनता,प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र तथा संघीयताको प्राप्ती र त्यसैको जगमा राष्ट्र निर्माण गर्ने संकल्प सहित भएका बलिदान पूर्ण आन्दोलनहरुमा त्यागका साथ प्राण उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहितहरु प्रति हार्दिक श्रर्दा सुमन अपर्ण गर्दछु र छैठौ नगर सभालाई भव्य र सभ्य रुपमा सम्पन्न गर्नको लागि हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु हुने सम्पुर्ण सभासद्हरुमा म मेरो व्यक्तिगत तर्फबाट र नगरपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दै स्वागत गर्न चाहन्छु ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गर्नुको सथै राज्यशक्तिको प्रयोग तीनै तहबाट संविधान र कानुन बमोजिमहुने व्यवस्था गरको छ । संघ, प्रदेश र स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी बिषयमा कानून बनाउने, बार्षिक वजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था भए बमोजिम आ. व. २०७८/२०७९ को वार्षिक वजेट नीति तथा कार्यक्रम तयार गर्ने क्रममा हामी आईपुगेका छौ यस महान  कार्यक्रममा सम्पुर्ण  कर्मचारी तथा सभासद मित्रहरुले गर्नु भएको सहयोगका लागी धन्यबाद दिन चाहन्छु ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको बिकासको लागी आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालिन तथा दिर्घ कालिन योजना बनाई लागु गर्नु पर्ने व्यवस्था गरेको छ ।

अन्तर सरकारी वित्त  व्यवस्थापन ऐन २०७४ ले सार्वजनि खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालिन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण गर्ने र वित्तीय अनुशासन कायम गर्नु पर्ने व्यवस्था भए अनुरुप हामी जनताका प्रतिनिधीहरुको छवी उच्च हुनु पर्नेमा दुई मत छैन ।

नगर सभासद मित्रहरु नेपालको संविधान, २०७२, स्थानीय तहको वर्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थाप ऐन २०७४, राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ र स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ हरुले गरेका व्यवस्था र संघीय अर्थ मन्त्रालय,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,प्रदेश सरकार तथा आर्थिक मामिला तथा योजना मन्त्रालय ( प्रदेश नं. २ ) ले गरेका निर्देशन तथा परिपत्रहरुको आधार,नगर सभासद साथीहरुको राय सल्लाह सुझाव,बुद्धिजीवि ,शिक्षक, समाजसेवीहरु किसान, मज्जदुर लगायत सम्पुर्ण नगर बासीहरुले दिईएको सुझाव तथा स्थानीय आवस्यकतालाई मध्य नजर गर्दै विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीले गर्दा नेपाल पनि त्यस बाट अछुतो नरहेकोले आर्थिक सामाजिक गतिविधि पुर्ण रुपमा सुचारुहुन नसकेको अवस्थामा हरिपूर्वा नगरपालिकाको नगरवासीहरुको स्वास्थ्य रक्षा, आर्थिक विकास,

समाजिक विकास, पूर्वाधार विकास, वन, वतावरण तथा विपद् ब्यबस्थापन, सुशासन तथा संस्थागत विकास हुने गरी आ. व. २०७८/०७९ को वजेट, नीति तथा कार्यक्रम तयार पारिएको छ।

चालु आ.व. २०७७/०७८ मा योजना छनौट गर्दा आवधिक, वार्षिक, रणनीतिक र बिषय क्षेत्रगत मध्यम कालिन तथा दिर्घ कालिन योजनाहरु छनौटमा हामी सबैले विस्तारै सुधार गर्दै आएपनि कोरोना जस्तो वैश्विक महामारीको कारण सोचे अनुसार विकासको लक्ष्य समाउन निकै कठिन भएको अनुभव भएको छ अतः अवको योजना छनौट गर्दा कोरोना महामारीलाई समेत ध्यानमा राखि त्यसबाट आर्थिक क्षेत्रमा परेको नकारात्मक प्रभाव मा न्युनता ल्याउदै यस नगरपालिकामा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,उत्पादन मुलक,छिटो छरितो प्रतिफल दिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछाडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभहुने, लैङ्गिक समानता समता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दीगो विकास, वतावरण संरक्षण हुने, भाषिक, साँस्कृतिक, धार्मिक तथा पर्यटन पर्वद्धन हुने गरी बजेट,नीति तथा कार्यक्रम बनाउने प्रयास गरेको छु । अव म आ.व.२०७७/०७८ को क्षेत्रगत समिक्षा राख्न चहान्छु ।

**क) आर्थिक क्षेत्र :** आ.व.२०७७/०७८ मा यस नगरपालिकाले लिइएको राजश्वको नीतिलाई हामीले प्राप्त गर्न नसकेको महशुस हुन्छ । नगरपालिकालाई संवृद्ध बनाउन लाई राजश्व संकलनको काम लाई सेवाग्राहीको घर दैलो सम्म पुऱ्याउनु पर्ने हुन्छ । आर्थिक क्षेत्र सवल भएको खण्डमा नगरपालिकाको सबै क्षेत्र सक्षम हुने कुरामा दुईमत नरहेकोले राजश्वको नीति अनुरुप लक्ष्य प्राप्ती गर्न राजनीति क्षेत्र तथा कर्मचारी वर्ग यसप्रति सचेत र सक्रिय हुनु पर्ने,हाल निष्कृय रहेका राजस्व शाखालाई सक्रिय गराउनु आवश्यक देखिन्छ साथै राजस्व संकलनको गतिविधि लाई तिव्रता दिन विभिन्न राजस्व मैत्री कार्यक्रम संचालन गर्न सकेमा मात्र सवल र सक्षम वित्तिय व्यवस्थापन निर्माण गर्न सकिन्छ ।

**ख) सामाजिक क्षेत्र :**

यस नगरपालिकाको प्राय जसो धैरै भाग ग्रामीण क्षेत्रले ओगटेको छ । पुरातन सोच, परम्परा रितिरिवाज मा विश्वास राख्ने यस नगरपालिकामा अन्धविश्वास पनि देखिएकोले यहाको शिक्षा, स्वास्थ्य ,महिला विकास लगायतका क्रियाकलापमा विशेष ध्यान पुऱ्याउनु आवश्यक रहेको देखिन्छ । विद्यालय भर्ना दर , विद्यालयमा बालबालिका लाई टिकाई राख्न तथा आई.टि. मैत्रि विद्यालय निर्माण गर्नु, आम नागरिकको सरकारी स्वास्थ्य संस्था माथि विश्वास अभिवृद्धि गराउन , औषधी जन्य सामग्रीको नियमित उपलब्धता , बर्थिङ्गसेन्टर व्यवस्थापन गर्भवती जाच को अवस्थामा अझै सुधार गर्नुपर्ने विकृतिपूर्ण संस्कारहरुको अन्त्य गरी नयाँ ढंगले अगाडी बढ्नु आवश्यक देखिन्छ ।

**ग) पूर्वाधार क्षेत्र :**

आ.व.२०७७/०७८ को पूर्वाधार विकासलाई हेर्ने हो भने यस वर्ष नगरपालिकाको विकासका लागि चाहिने पूर्वाधार अपेक्षाकृत मात्रामा तयार भएता पनि हामीले अझै जन अपेक्षा अनुसार कालो पत्रे तथा ढलान सडक निर्माण गर्न नसकेको, नगरपालिका भवन, वडा कार्यालय भवन,विद्यालय भवन, बस पार्क, शहिद पार्क, नगर पार्क, अतिथि सदन, रिङरोड आदि जस्ता पूर्वाधारमा ध्यान जानु आवश्यक छ ।

**घ) वातावरण तथा विपद व्यवस्थापन क्षेत्र :**
नगरपालिकाले विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषको स्थापना, विपद् व्यवस्थापन सामाग्रीको व्यवस्था, विपद् जोखिम न्यूनीकरण तालिम संचालन गरी केही उल्लेखीय कार्य गरेको भए पनि यस क्षेत्रमा गर्नु पर्ने कार्यहरु धेरै बाँकी भएको देखिन्छ । वातावरण संरक्षणको लागि विभिन्न गतिविधि संचालन गर्ने भनिएता पनि हाल सम्म गर्न नसकिएको देखिएकोले बाँकी योजना तथा कार्यक्रमहरु आ.व. ०७८/०७९ मा सम्पन्न गर्नुपर्ने हुन्छ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन :**
आ.व.०७७/०७८ मा सेवा प्रवाह र सुशासनको क्षेत्रमा केही उल्लेखीय काम भएता पनि सेवाग्राहीको चाहाना अनुरुप सेवा प्रदान गर्न नसकेको हुनाले आ.व.०७८/०७९ मा मानव संसाधन, भौतिक साधन, सूचना प्रविधि आदिको उपयोग गरी संस्थागत विकास, सेवा प्रवाह र सुशासन प्रवर्द्धन गर्नुपर्ने हुन्छ।

**सभासद मित्रहरु अव म आ.व.२०७८/०७९ को बजेट नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु । प्रथमत् म हरिपूर्वा नगरपालिकाको नीति प्रस्तुत गर्दछु ।**

**१. आर्थिक क्षेत्र :**
**क. वित्तीय क्षेत्र :**
१) करदाताहरुको सुविधालाई मध्यनजर गर्दै नगर कार्यपालिकामा राजश्व शाखा स्थापना गरी कम्प्युटर विलिङ्ग प्रणाली लागू गर्दै सबै वडा कार्यालयहरुको राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन कम्प्युटर विलिङ्ग प्रणाली लागू गरिदै लगिने छ ।
२) नगरपालिकाको वित्तीय क्षेत्र सुधारका लागी जनसहभागितालाई प्रवर्द्धन गरी जवाफदेहिता र पारदर्शिता कायम गरिने छ ।
३) नगरपालिकाको वित्तीय क्षेत्र सुधारका लागी आन्तरिक श्रोतको सम्भाव्यता अध्ययन गरि दिगो श्रोतको व्यवस्थापन गरिने छ ।
४) राजश्व परामर्श समितिको सिफारिस अनुसार नगर कार्यपालिका तथा नगर सभाको निर्णय अनुसार राजश्वको दर रेट कायम गरी लागु गरिनेछ ।
५)वित्त सुधारका लागी राजश्व संकलन घर दैलो कार्यक्रम संचालन गरिने छ ।

**ख. उद्योग वाणिज्य क्षेत्रः**
१) उद्योग व्यवसाय तथा पसलहरु अनिबार्य रुपमा नगर कार्यपालिकामा दर्ता तथा नवीकरण गर्ने निती अवलम्वन गरिने छ ।
२)उद्यमशिलता विकासका लागी घरेलु कार्यालय तथा उद्योग वाणिज्य संघको सहकार्यमा उद्यमशिल तालिम, गोष्ठी, सेमिनारको आयोजना गरिने छ ।
३) स्थानीय घरेलु तथा कुटिर उद्यम व्यवसायलाई प्रवर्द्धन गर्ने नीति लिईने छ ।
४) विपन्न महिलाहरुका लागि जिविकोपार्जन सुधारका गर्न विभिन्न प्रकार विकास साझेदार संघसंस्थाहरुसंग समन्वय र सहकार्य गरी उद्यमशील कार्यक्रम संचालन गरिने छ ।
५) नगरपालिकाले उपयुक्त ठाऊलाइ औद्योगिक क्षेत्र घोषणगरी उद्योग स्थापना गर्न जोड दिने छ ।

६) घरेलु तथा कुटिर उद्योग स्थापना र संचालन गर्नको लागी बैक मार्फत ऋण लगानी गर्ने व्यवस्था मिलाईने छ ।
७) युवा उद्यमशिलता विकास गर्नका लागि विशेष युवा लक्षित कार्यक्रमको व्यवस्था मिलाईने छ । यसका लागी  आवश्यक वजेटको व्यवस्था गरिने छ ।

**ग. पर्यटन क्षेत्र :**
१)हरिपुर्वा नगरपालिका क्षेत्रभित्रका पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण स्थानहरु कालीकास्थान,महादेव मठ, सैलेस पोखरी, बाघवला कुटी आदिको पर्यटन प्रवर्द्धन गरिँदै लगिने छ ।
२)धार्मिक तथा पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण स्थानहरुको पहिचान अनुसारको पर्यटन प्रवर्द्धन गरिँदै लगिने छ ।
३)नगर क्षेत्रभित्रका मठ, मन्दिर, पाटी, पौवा, वौद्ध, चैत्य, गुम्बा, मस्जीदहरुलाई संरक्षण तथा मर्मत सम्भार गरी धार्मिक तथा पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण स्थानको रुपमा विकास गरिँदै लगिने छ ।

**घ.सहकारी क्षेत्र :**
१)"गाउँ गाउँ सहकारी घर घरमा रोजगारी" भन्ने नारालाई मूर्तरुप दिनको लागी एक वडा एक कृषि सहकारी गठन गर्न वडाहरुमा सचेतना गर्दै किसानहरुलाई आवद्ध गर्ने नीति लिइने छ ।
२)सहकारी खेती, सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गरिने नीति लिइने छ ।
३) गरिवी न्यूनीकरणका लागि नगरपालिकाका सबै घरधुरीहरुको सामाजिक नक्सांकन  तथा घरधुरीहरुको पहिचान गरि गरिबी न्यूनीकरणका लागि सहकारीको माध्यमले विशेष कार्यक्रम सञ्चालनमा ल्याईने छ ।
४) सहकारीको माध्यमले स्वोरोजगार सृजना गर्ने कार्यक्रम संचालन गरिने छ ।
५) सहकारी हरुको आर्थिक सामाजिक सक्रियता लाई हेरि सहकारी हरुलाई सवल सक्षम बनाउन आवश्यक भौतिक सामग्री हरु -कम्प्युटर, प्रीन्टर फर्निचर आदि अनुदान मा दिई सहकारीलाई  आर्थिक विकास मा संलग्न गराईनेछ ।

**ङ.कृषि क्षेत्र :**
१)निर्वाहमूखी खेती प्रणालीलाई व्यवसायिक कृषि प्रणाली तथा आर्गेनिक कृषि प्रणाली तर्फ उन्मूख गरिँदै लगिने छ ।
२)कृषि व्यवसायलाई जीवनको आधार निर्माण गर्नको लागि बेमौसमी खेती, पकेट क्षेत्र, ब्लक क्षेत्र निर्माण तथा कृषि व्यवसायलाई पवर्द्धन गर्नका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासंग सहकार्य एवं समन्वय गरिने छ ।
३)स्वस्थकर मासु खान पाउँने उपभोक्ताको अधिकारको संरक्षण गर्नको लागी मासु व्यवसायलाई व्यवस्थित गर्नको लागि बजार लाग्ने क्षेत्रहरुमा व्यवस्थित पशु बधशाला निर्माण तथा सञ्चालन गर्न त्यसमा संलग्न उद्यमी लाई सक्रिय गरिनेछ । त्यसकोलागि आवश्यक रकम प्रोत्साहन स्वरुप अनुदान को रुपमा दिइनेछ ।
४)कृषि बस्तुको बजारीकरण गर्नको लागि गोदाम घर र चिस्यान केन्द्र निर्माण गर्न नेपाल सरकारले आ.व.०७८।०७९ मा ल्याएको बजेटको नीति अनुरुप यस न.पा. मा आवश्यक गोदाम घर निर्माणको लागि आवश्यक प्रक्रिया पुरा गरि नेपाल सरकार सँग गोदाम घर तथा चिस्यान केन्द्र माग गरि निर्माणको प्रक्रिया अगाडि बढाइने छ ।

५)गोठ सुधार कार्यक्रमलाई अभियानको रुपमा अघि वढाइने नीति लिइने छ ।
६)आधुनिक खेती प्रणालीका लागि विभिन्न वडाहरुमा आवश्यक तालिम तथा गोष्ठीको आयोजना गरिने छ ।
७)हरिपुर्वा नगरपालिकाका उत्कृष्ठ किसान तथा कृषि फर्म, कृषि सहकारी, कृषि समुहका सदस्यहरुलाई कृषि भ्रमण कार्यक्रममा लैजाने नीति लिइने छ ।
८)एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।
९)माछा पालन व्यवसायलाई प्रभाकारी रुपमा अगाडी बढाउने नीति लिइने छ ।
१०)नगरपालिका क्षेत्र भित्र व्यवसायिक रुपमा केराखेती गर्ने किसानहरुलाई प्रोत्साहन गर्ने नीति अबलम्वन गरिने छ ।
११) यस नपाको प्रत्येक वडामा स्यालो टयुववेल जडान गर्ने कार्यक्रम आ.व. ०७८।०७९ भित्र मा सम्पन्न गरिने छ।

**२. सामाजिक क्षेत्र :**

**क) शिक्षा :**

१) हरिपुर्वा नगरपालिकाको शैक्षिक क्षेत्र सुधारका लागी शैक्षिक क्षेत्र सुधार कार्यक्रम निर्माण गरी सकिएको छ सोही अनुसार अव शैक्षिक क्षेत्र सुधार कार्यक्रम लागू गर्दै लगिने छ ।
२) सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास तथा स्तर उन्नतीको लागि विकास साझेदारीसँग समन्वय गरी श्रोतको व्यवस्थापन गरिने छ ।
३) नगरका सबै विद्यालयहरुमा स्रोत साझेदारी गरी पुस्तकालय तथा विज्ञान प्रयोशाला स्थापना गर्ने नीति अवलम्वन गरिने छ ।
४) नगर बासीहरुलाई सुसुचित गर्नको लागि नगर सूचना केन्द्र तथा हरिपुर्वा सामुदायिक पुस्तकालयको स्थापना गरिने छ ।
५) साक्षर नगरपालिका घोषण गर्नको लागि सामुदायिक अध्ययन केन्द्रहरुलाई सक्रिय बनाइ निरन्तर शिक्षाको अवसर तथा पहुँच सुनिश्चित गरिने छ ।
६) हरिपुर्वा नगरपालिका भित्र रहेका स्रोत केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रुपमा विकास गरिने नीति लिइने छ ।
७) विद्यालयहरुको शौक्षिक क्षेत्र सुधारका लागी अनुदानको व्यवस्था मिलाईने छ ।
८) सामुदायिक विद्यालयहरुबाट एस.ई. ई. परिक्षामा राम्रो अंक ल्याउने छात्राहरुलई माथिल्लो शौक्षिक योग्ताहाँसिल गर्न लाई विषेश कोष स्थापना गरी प्रोत्सान भत्ता उपलब्ध गराईने छ ।
९) विद्यालय भर्ना अभियनलाई प्रभावकारी बनाईने छ ।
१०) बेटी पढाउ बेटी बचाऊ कार्यक्रम आ.व. ०७७/०७८ मा संचालन गर्न रकम विनियोजन भएकोमा यस लाई आ.व. ०७८।०७९ मा समेत नियमित रुपमा संचालन गरिने छ ।

**ख) स्वास्थ्य :**

१) आयुर्वेद चिकित्सा प्रणालीको प्रभावकारी विकास गरिँदै लगिने छ ।
२)“योग गरौँ निरोग बनौँ ।”भन्ने नारालाई मूर्त रुप दिन सबै वडा केन्द्रमा योग शिविर सञ्चालन गरिने तथा नगर स्तरमा एक योग साधना केन्द्रको स्थापना गरिने छ । साथै निर्माणाधिन रुपमा रहेको योग भवनलाई यस आ.व. मा समेत निरन्तरता दिईनेछ।

३) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा गाउँ घर क्लिनिक नभएको वडाहरुमा स्वास्थ्य संस्थाको स्थापना गर्ने र भैरहेका स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउँन व्यवस्थापन तथा सञ्चालन प्रक्रियामा सुधार गरिँदै लगिने छ ।

४) स्वास्थ्य चौकीहरुमा क्रमश प्रयोगशाला स्थापना गरीदै लगिने छ ।

५)नगरपालिकाको हरेक स्वास्थ्य चौकीहरुमा प्रसुती गृह निर्माण गरिदै लगिने र प्रसुती गृह भएको स्वास्थ्य चौकीलाई थप सुविधा सम्पन्न बनाइने छ ।

६) स्थानीय तहमा उपलब्ध हुने तथा उत्पादन गर्न सकिने खाद्य पदार्थको उत्पादन, पवर्द्धन र प्रयोगलाई विशेष जोड दिने गरी समुदायमा आधारित पोषण सम्बन्धी शिक्षा लगायतको माध्यमबाट दीर्घकालीन रुपमा कुपोषणमुक्त गराउन आवश्यक व्यवस्था गरिने छ ।

७) स्वास्थ्य संस्थाहरुबाट नि : शूल्क वितरण हुने अत्याश्यक औषधीहरुको प्रकार तथा संख्यामा क्रमश वृद्धि गर्दै जाने र वितरण गर्ने औषधीको दुरुपयोग नियन्त्रणको विशेष व्यवस्था मिलाईने छ ।

८) महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्नको लागि रकमको व्यवस्था मिलाईने छ ।

९) महिला स्वास्थ्य स्वंय सेविकाहरुको क्षमता अभिवृद्धि गरी उनीहरुले प्रदान गर्ने सेवालाई थप गुणस्तरीय बनाइने छ ।

**कोरोना महामारी**

१) विश्वव्यापी रुपमा बढदै गइरहेको कोरोना महामारी बाट सुरक्षित रहन यस नगरपालिकामा सम्भावित जोखिममा रहेको स्वास्थ्य कर्मचारी, सुरक्षाकर्मी तथा अग्रपक्ति मा रहि खटिरहेका सबै कर्मचारी तथा राजनीति कर्मी लगायत सम्भावित जोखिममा रहेका आम नागरिकहरुको कन्ट्रयाक्ट ट्रेसिङ्ग गरि पि.सि.आर.,एन्टिजेन लगायत आवश्यक चेक जाचको व्यवस्था मिलाइने छ ।

२) आवश्यकता अनुसार मास्क , ग्लोब्स, स्यानिटाइजर लगायत आवश्यक अन्य सामग्रीको व्यवस्था मिलाई नियमित सेवा प्रवाहमा देखिएका समस्यालाई न्युन पार्ने प्रयास गरिनेछ ।

३) कोरोना नियन्त्रण को लागि चाहिने पि.पि.ई. लगायत अन्य सामाग्रीहरु स्वास्थ्य विज्ञको सल्लाह अनुसार व्यवस्थापन गरि प्रत्येक स्वास्थ्य चौकी लाई कोरोना विरुद्ध सम्पन्न र सबल बनाइने छ ।यसका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

**ग) खानेपानी तथा सरसफाई क्षेत्र :**

१)फोहोरमैला व्यवस्थापनको लागी नगर कार्यपालिका आफैं वा अन्य स्थानीय तहसँगको सहकार्यमा दिगो लैन्ड फिल्ड साईड को व्यवस्थापन गरिने छ ।

२)“हाम्रो हरिपुर्वा र राम्रो हरिपुर्वा” भन्ने नारालाई कार्यान्वयन गर्न एक कार्यनीति बनाई लागु गरिने छ।

३)हरिपुर्वा नगरपालिकालाई खुल्ला दिशा मुक्त घोषणा भईसकेको हुदाँ जनसंख्याको बढदो चापको अवस्थामा छुट्टिएर बस्ने नयाँ तथा गरिब दलित विपन्न परिवारहरु लाई सौचालय निर्माण तथा त्यसको सरसफाई व्यवस्थापन गरि लगने छ।

४)हरिपुर्वा नगरपालिका भित्रका बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण कार्य आ.व.०७८/०७९ मा सम्पन्न गरिने छ ।

५)स्वच्छ एवम् आधारभुत गुणस्तरीय खानेपानीको दिगो व्यवस्थापनको लागी हरिपुर्वा नगर गौरव खानेपानी आयोजना सञ्चालन गरिने छ ।

६)नगरपालिका क्षेत्र भित्रका खानेपानीका श्रोतहरुको संरक्षण तथा व्यवस्थापनमा विशेष जोड दिईने छ ।

७) सडकको किनारमा गाई बस्तु बाँध्न निरुत्साही गर्ने, गोबर, घाँस पराल, दाउरा आदी राखी सडकको सुन्दरतालाई बिगार्नेलाई दण्ड जरिवाना गरिने छ ।

**घ) संस्कृति प्रवर्द्धन क्षेत्र :**

१)नगर क्षेत्रभित्र परम्परा देखि सञ्चालन हुँदै आएको मौलिक कला, संस्कृति, भाषाहरुको संरक्षण र सम्वर्द्धन गरिदै लगिने छ ।

२)नगर क्षेत्रभित्रका धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण मानिएका चिज वस्तुहरु संरक्षण र सम्वर्द्धनका लागी हरिपुर्वा संग्रहालयको स्थापना गरि संस्कृति प्रवर्द्धन गरिने छ ।

३) परम्परा देखि सञ्चालन हुँदै आएको मौलिक चाड पर्वहरु,मेला जात्राहरुलाई संरक्षण गरिने छ ।

**ङ) खेलकुद तथा मनोरन्जन क्षेत्र :**

१) "स्वास्थ्यको लागी खेलकुद, राष्ट्रको लागी खेलकुद" भन्ने नारालाई मूर्त रुप दिन नगर खेलकुद विकास समिति गठन गरीखेलकुद विकास कार्यक्रमलाई प्रभावकारी बनाउँदै नगर स्तरीय लिईने छ ।

२) नगरपालिका क्षेत्रभित्र खेलकुद विकासका लागी कबर्ड हल तथा रङ्गशालाको स्थापना गरिने छ ।

३) नगर खेलकुद विकास समिति गठन गरी एक द्धार नीति द्धारा खेलकुद विकास कार्यक्रम अगाडी बडाईने छ ।

४) राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता संचालन गराउनुको साथै, भलिवल, बक्सीङ्ग, जुडो, कराँते, आदी खेलहरुको बिकास गरिदै लगिने छ ।

५) मेला जात्रा लगाउने, पार्क, बनभोज स्थल, सिनेमा घरको व्यवस्था, पौडी पोखरीको व्यवस्था, जेष्ठ नगरिका मनोरंजन केन्द्र आदी संचालन गरिने छ ।

६) युवाहरुको लागि मनोरञ्जन तथा खेलकुद को साथसाथै बौद्धिक विकासको लागि बिभिन्न तालिम तथा गोष्टीहरु गराईने छ।

**च) लैंगिक समानता तथा सामाजिक सामावेशीकरण :**

१) हरिपूर्वा नगरपालिकाको लैंगिक उत्तरदायी तथा सामाजिक समावेशीकरण सहितको बजेट निर्माण गरी कार्यान्यवन गरिने छ ।

२) स्थानीय तहको आवधिक र वार्षिक योजनामा लैंगिक मुलप्रवाहीकरण एवं सामाजिक समावेशीकरणलाई संस्थागत गरिने छ ।

३) लैंगिक समानता तथा समावेशीकरणको लक्ष्यलाई स्थानीय तहको संरचना र कार्य योजना निर्माणको व्यवस्था मिलाईने छ ।

४) लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी सुशासन व्यवस्थापन लाई संस्थागत गर्दै लगिने छ ।

५) लैंगिक हिंसाविरुद्ध शुन्य सहनशीलताको नीति अख्तियार गर्दै लैंगिक समानता सम्बन्धी सचेतनामूलक अभियान संचालन गर्ने व्यवस्था मिलाईने छ ।

६) लैंगिक हिंसा न्यूनीकरणका लागि युवा परिचालन मा जोड दिनेछ ।

**३. पूर्वाधार क्षेत्र :**

**क) स्थानीय सडक, पुल, तथा झोलुङ्गे पुल :**

१) सहभागिता मूलक योजना छनौट प्रक्रियाबाट छनौट भई आएका सडक  आयोजनाहरुलाई प्राथमिकताका आधारमा नगर विकास आयोजनामा समाबेश गरिने छ । यसरी सडक आयोजना तोक्दा क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।

२) सडक अतिक्रमण गरी निर्माण गरिएका स्थायी तथा अस्थायी संरचनाहरु हटाईने छ ।

३) सडक सिमा तथा सेट व्याक सम्बन्धी नीति निर्माण गरी आ.व. ०७८/०७९ मा लागु गरिने छ ।

४) कालो पत्रे सडक तथा ढलान सडक निर्माणमा विशेष जोड दिईने र माटो सडक निर्माण लाई निरुत्साहीत गरिने छ ।

५) नगर यातायत गुरुयोजना अनुसार सडकहरु निर्माण गरिने छ ।

६) स्थानीय आवश्यकता अनुसार आफै वा बिकास साझेदारीको सह(कार्यमा झोलुङ्गे पुल निर्माण गरिदै लगिने छ ।

**ख) सिचाई :**

१) साना सिचाई, मझउला सिचाई, तथा बृहत सिचाई आयोजनाहरु बिकास साझेदारी, प्रदेश सरकार र केन्द्रीय सरकार संग साझेदारीमा संचालनमा ल्याईने छ ।

२) सिचाईका लागी आकाशे पानी संकलन केन्द्रको स्थापना गरिने छ ।

३) सिचाईमा लगानि मैत्री वतावरण सृजना गर्नको लागी सहकार्य लाई जोड दिनुको साथै नगरपालिकाबाट अनुदान दिने व्यवस्थाको लागी आ.व. ०७८/०७९ मा कार्य नीति बनाईने छ ।

४)समुह सिचाई प्रणलीको अवधारणलाई अगाडी बढाउन रकमको व्यवस्था मिलाईने छ ।

**ग) भवन तथा सहरी विकास :**

१) नगर कार्यापालिकाको कार्यालय भवन तथा वडा कार्यालय भवन क्रमश निर्माण गरिँदै लगिने छ ।

२)हरिपुर्वा नगरपालिकाले अतिथि सदन निर्माणको लागी आवश्यक जग्गा व्यवस्थापन गरी कार्य आरम्भ गरिदै लगिने छ ।

३)नगरपालिका भित्र निर्माण गरिने  घरहरुको निर्माण स्वीकृति तथा नक्सा पास गर्नुपर्ने व्यवस्थालाई आ.व. ०७८/०७९ को श्रावणबाट नै कडाईका साथ कार्यान्वयन गरिने छ ।

४)भवन निर्माण मापदण्डलाई प्रभावकारी बनाई बस्ती विकास हुने क्षेत्रमा सडक ढल, खानेपानी, विद्युत जस्ता सुविधाहरुको वृद्धि गर्न स्रोत परिचालन गरिने छ ।

५)हरिपुर्वा नगरपालिकाले  टाउन टावर सहितको पार्क निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरी निर्माण कार्य अगाडि बढाउँदै लगिने छ ।

६) अपाङ्ग मैत्री, बाल मैत्री, महिला मैत्री संरचना निर्माणमा जोड दिईने छ ।

७) हरिपुर्वा नगरपालिकाको पायक पर्ने स्थानमा बस पार्क निर्माणको लागी आवश्यक जग्गा खरिदकालागी रकमको विनियोजन गरिने छ ।

८) साना सहरको पुर्वाधार तयार पारिदै लगिने छ ।

९) रिङ्ग रोड निर्माण संगै उक्त क्षेत्रमा सहरी बिकास योजना बनाई प्रयटकिय सहर तथा स्मार्ट सहरको विकास गरिने छ । पर्यटकिय सहर तथा स्मार्ट सिटीको बिकास गरिने छ ।

**घ)उर्जा, लघु तथा साना जल विधुत तथा वैकल्पिक उर्जा**

१)हरिपुर्वा नगरपालिका क्षेत्रभित्र विद्युत नपुगेका वडाहरु तथ बस्तीहरुमा नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युतीकरण कार्य आ.व.०७८/०७९ भित्र सम्पन्न गरिने छ ।

२)हरिपुर्वा नगरपालिकाको बजार क्षेत्रहरु तथा मठ मन्दीरहरुमा सौर्य सडक बत्ती व्यवस्थापनको कार्यलाई विकास साझेदारीहरुसंग सह कार्यगरी लागत सहभागीतामा अगाडि बढाईने छ ।

३)घर घरबाट निष्किने धुँवालाई व्यवस्थापन गर्नको लागी सुधारीएको चुलो कार्यक्रम तथा वायो ग्याँस प्लान्ट निर्माण कार्यलाई लागत सहभागितामा सञ्चालन गरिने छ ।

४)उज्यालो शहर कार्यक्रमको कार्यनीति बनाई प्रभावकारी रुपमा लागु गरिँदै लगिने छ ।

५)घर निर्माण सँगै सौर्य उर्जा जडान कार्यक्रम सञ्चालन गरिने छ ।

**ङ) संचार :**

१) हरिपूर्वा नगरपालिका क्षेत्रमा मोवाइल फोनको टावर निर्माणका लागि विकास साझेदार संघ संस्थाहरुसंगको सहकार्य उक्त कार्य अगाडी बढाइने छ ।

२) नगरपालिका कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई प्रविधियुक्त बनाई सेवा प्रवाहलाई थप प्रभावकारी बनाईने छ ।

३) एफ.एम रेडियो तथा टेलिभिजन संचालन गर्न निजि क्षेत्रलाई प्रोत्साहन गरिने छ ।

**वातावरण तथा विपद् व्यवस्थापन :**

**क) वन तथा भुसंरक्षण :**

१) नगरपालिका क्षेत्र भित्रका एलानी , पर्ति जग्गाहरुको खोजि गरि नगर बन्न लगाउने अवधारणलाई अगाडी बढाइने छ

२) तीन रुख एक बयस्क ब्याक्ति भन्ने नारालाई मुर्तरुप दिनका लागी बृक्षारोपण कार्यक्रम संचालन गर्नका लागी अवश्यक रकम व्यवस्था मिलाईन छ ।

३) प्रत्येक विध्यालयको हाताभित्र बृक्षारोपण गरिने छ ।

४)नदि कटानलाई रोक्न बृक्षारोपण, तार जाली तथा विशेष प्रकारको घाँस लगाईने छ ।

५) भुसंरक्षण गर्नकालागि एक कार्य योजना बनाई लागु गरिने छ ।

**ख) जलाधार संरक्षण :**

१) नगरपालिका क्षेत्र भित्रका पोखरीहरुको संरक्षण गरी जिव प्राणीहरुको विनासलाई रोकिने प्रयास गरिने छ ।

२) सिमसार क्षेत्रको संरक्षण को लागि उचित बजेट विनियोजन गरिनेछ ।

**ग) वातावरण संरक्षण तथा जलवायु परिवर्तन :**

१)जलवायु परिवर्तनबाट नगरमा पर्न सक्ने प्रभाव न्यूनिकरण गर्न सरोकारवाला निकाय, गै.स.स.तथा विकास साझेदारीसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुल कार्ययोजना तयार गरि कार्यान्वयनमा ल्याइने छ ।

२)वातावरणमैत्री विकास पूर्वाधार निर्माण तथा वातावरण प्रदुषण न्यूनीकरणमा जोड दिइने छ ।

३)फोहोरमैला व्यवस्थापनको लागी नगर कार्यपालिका आफैँ वा अन्य स्थानीय तहसँगको सहकार्यमा लैन्ड फिल्ड साईड को व्यवस्थापन गरिने छ

४) सडक निर्माण गर्दा सडकको दुवै किनारा तर्फ वृक्षरोपण गर्ने नीति लिईने छ तथा वातावरण व्यवस्थापन कार्यक्रम बनाई कार्यान्वयनमा ल्याईने छ ।

५)अन्यावस्यक आगो बाल्ने , फोहोरलाइ जलाउने प्रक्रियामा नियन्त्रण ल्याई फोहोर लाई मोहोर मा बदल्ने उपयुक्त नीति ल्याई  वातावरण तथा मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने र दैविक विपति निमत्याउने कार्यक्रमको  परम्परालाई बन्द गरिदै लगिने छ ।

६)हरिपुर्वा नगरपालिका भरि प्लाष्टिकको झोला प्रयोगकर्ता न्यूनिकरण गर्दै यसको प्रयोगमा पूर्ण रुपमा प्रतिवन्ध लगाईने छ ।

७) विकास निर्माणको कार्यक्रम संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरि विकास का गतिविधि संचालन गरिने छ ।

**घ) फोहरमैला तथा ढल व्यवस्थापन :**

१) ढल निकासको उचित  व्यवस्था मिलाईने छ ।

२) घर घर बाट निस्किने फोहर पानीलाई ढलमा हाल्नु पर्ने छ उक्त कार्य नगरेमा नियम अनुसार कारबाही गरिने छ ।

३) नगरलाई स्वच्छ र सफा राख्नको लागी एक कार्यनीति बनाई लागु गरिने छ ।

४) फोहरमैला व्यवस्थापनका लागी निजिक्षेत्रसंग साझेदारी गरी फोहरमैला संकलन र बिसर्जन गर्ने नीति लिईने छ ।

५) फोहरमैलालाई श्रोतमै सुन्य बनाउने अवधारण ल्याईने छ ।

**ङ) जल उत्पन्न तथा प्रकोप नियन्त्रण :**

१) बाढी तथा डुवन नियन्त्रणका लागी एक कोष स्थापना गरी उक्त कोष मार्फत प्रकोप व्यवस्थापन गरिने छ ।

२) बाढी तथा डुवन नियन्त्रणकालागी तटबन्ध निर्माण गरिने छ ।

३) हरिपूर्वा नगरपालिकामा जल उत्पन्न तथा प्रकोप नियन्त्रणका लागि सचेतना कार्यक्रम संचालन गर्नुका साथै पूर्व तयारीका कार्यहरु गर्ने व्यवस्था मिलाईने छ ।

४) नगरपालिका, सुरक्षा निकाय तथा अन्य सेवा प्रदायक सरकारी एवं गैह्र सरकारी संघ संस्थाहरुसंगको समन्वयमा जल उत्पन्न तथा प्रकोप नियन्त्रण कार्यक्रमहरु गरिने छ ।

**च) विपत व्यवस्थापन :**

१) विपत व्यवस्थापनका लागी कोषमा निश्चित रकमको व्यवस्था गरिएको छ र थप गरिदै लगिने छ । उक्त कोषको परिचालन गरी विपत न्युनीकरण गरिने छ ।

२) विपत व्यवस्थापनका लागी विपत न्युनीकरण कार्ययोजना बनाई सोही अनुरुप कार्य गरिने छ ।

३) विपत व्यवस्थापनका लागी विभिन्न सचेतना मुलक तालिम, गोष्ठी संचालन  गर्नुका साथै पूर्व तयारीका कार्यहरु गर्ने व्यवस्था मिलाईने छ ।

४) नगरपीलका क्षेत्र भित्र हुने सक्ने विपद्हरुको व्यवस्थापन गर्नका लागि स्थानीय विपद व्यवस्थापन योजना (एल.डि.आर. एम.पि.) निर्माण गरी लागू गरिने छ ।

५) नगर विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापनको कार्यमा जुनसुकै बेला पनि सक्रिय बनाईने छ ।

६) विपद्बाट हुने क्षतिको अनुगमन गरी उचित राहतको व्यवस्था मिलाईने छ ।

**४. संस्थागत विकास, सेवा प्रवाह र सुशासन :-**

**क) सामान्य सेवा :**

१) नगरपालिका तथा प्रत्येक वडा कार्यालयबाट सामान्य सेवा प्रवाह गर्दा पनि सेवाग्राहीको सुविधालाई मध्यनजर गर्दै मुस्कान सहितको सेवा प्रवाहको लागि सहायता कक्ष (हेल्प डेस्क) स्थापना गरिँदै लगिने छ ।

२) सामान्य सेवा प्रवाहलाई सरलिकरण गरिदै लगिने छ ।

३) हरिपुर्वा नगरपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्दा पारर्शिता, जवाफदेहिता, मितव्ययी, नियम संगत र सहभागितामूलक प्रक्रिया अवलम्वन गरिने छ । यसका लागी सार्वजनिक सुनुवाई, आम्दानी तथा खर्चको सार्वजनिकीकरण, सार्वजनिक तथा सामाजिक लेखा परिक्षण तथा चौमासिक समिक्षा आदि विधिहरु अपनाईने छ ।

**ख) सुरक्षा व्यवस्थापन :**

१) हरिपूर्वा प्रहरी चौकीलाई ईलाका प्रहरी कार्यालयमा स्तरउन्नति गर्नका लागी केन्द्रीय सरकार संग समन्वय गरिने छ ।

२) हरिपूर्वा नगरपालिकाको सुरक्षा व्यवस्थाका लागी नगर प्रहरीको व्यवस्था गरिने छ ।

३) प्रहरी कार्यालयको भवन निर्माणका लागी प्रदेश सरकार तथा केन्द्रीय सरकार संग समन्वय गरी कार्य अगाडी बढाईने छ ।

४) नगरको सुरक्षाको लागी बजार क्षेत्रमा प्रहरी पोष्ट तथा बिटको स्थापना गरिने छ ।

**ग) सुचना प्रविधि :**

१) हरिपुर्वा नगरपालिकाको कार्यालय तथा वडा कार्यालयबाट सञ्चालन गरिने बिभिन्न क्रियाकलापहरु, नीति नियमहरु, कार्यविधि, कार्य आदेश, निर्देशिका, सूचना तथा आयोजनाको विवरण नगरपालिकाको वेवसाईटमा राखिने छ ।

२)नगरपालिकाले आफ्नो गतिविधिलाई समेटेर तयार पारिने विषयवस्तुहरु स्थानीय एफ. एम. रेडियोमा प्रसारण गरिनुका साथै स्थानीय पत्र पत्रिकाहरुमा समेत प्रकाशन गरिने छ ।

३) आ.व. ०७९/०८० सम्म नगर सुचना केन्द्र स्थापना गरिने छ ।

४) नगरपालिका तथा सबै वडा कार्यालयहरुबाट इन्टरनेट सेवा मार्फत सेवा प्रवाह गरिने छ ।

५) नगरपालिकाबाट सेवा प्रवाह गर्दा सूचना प्रविधिका प्रयोगद्धारा कागजी कामलाई प्रतिस्थापन गरिने छ ।

६) सूचना प्रविधिको पहूँच पुऱ्याउन विभिन्न कर्मचारी तथा जनप्रतिनिधिहरुलाई तालिमको व्यवस्था गरिने छ ।

७) नगरपालिकाको सूचना, चेतनामूलक सन्देश, विभिन्न गतिविधिहरु डिजिटल डिसप्ले टि.भी. तथा मोवाएल एप्सबाट प्रसारण गरिने व्यवस्था मिलाइने छ, साथै कर्मचारी हाजिरी प्रणाली पनि डिजिटल बनाइने छ ।

**घ) पञ्जीकरण व्यवस्थापन :**

१. नगरपालिका तथा वडा कार्यालयहरुमा पञ्जीकरण शाखाको व्यवस्थापन तथा घट्ना दर्ता कार्यलाई थप व्यवस्थित तथा सुदृढ गरिने छ।

२. अनलाइन बाट भइरहेको घटनादर्ता लाई आ.व. ०७८।०७९ मा थप व्यवस्थित गरिदै लगिनेछ।

३. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्न बैंक मार्फत भत्ता वितरण गर्ने कार्य सवै वडामा अनिवार्य रुपमा लागु गरिने छ।

४. घट्ना दर्ता सम्बन्धी तालिम, गोष्ठी जस्ता कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ।

**ङ) स्थानीय तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन :**

१) नगरपालिकाको अभिलख व्यवस्थापन सूचना केन्द्रमा गरिने छ।

२) प्रत्येक वडा कार्यालयहरुमा अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिने छ।

३) तथ्याङ्क संकलन सम्बन्धी एक विनियम बनाई लागू गरिने छ।

४) नगर प्रोफाइललाई हरेक वर्ष अद्यावधिक गरि तथ्याङ्क अद्यावधिक गरिने छ।

**च) सुशासन पवर्द्धन तथा कर्मचारी व्यवस्थापन :**

१)नगर कार्यपालिकाको कार्यालयको दरवन्दी संरचना बमोजिम, नगरकार्यपालिकाको कार्यालयमा, विषयगत शाखा र वडा कार्यालय मा संघ बाट खटिएका तथा समायोजन भई आएका र स्थानिय तहमा साविकमा कार्यरत कर्मचारीहरुको साथै नगरकार्यपालकाको कार्यालयमा स्थानिय तहमा स्थायी नियुक्ति पाएका कर्मचारीहरु समेतलाई काम प्रति उत्प्रेरित गर्न संघिय कानुन बमोजिम स्थानिय तहको कर्मचारीलाई तोकेबमोजिमको तलब भत्ता सेवा सुविधा को साथै साविक मा दिइदै आएको प्रोत्साहन स्वरुपको स्थानिय भत्तालाई समेत यस आ.व.मा पनि निरन्तरता दिइनेछ। टाढाबाट आएका कर्मचारीहरुलाई आवासको सुविधा दिइने छ। सो बापत अधिकृत स्तरको कर्मचारीलाई ५ हजार र सहायक स्तरको कर्मचारीलाई रु ३०००।को दरले मासिक भुक्तानी दिईनेछ । संघिय सरकारले आ.व.०७८/७९ मा वृद्धि गरे अनुसार नै कार्यरत स्थायी कर्मचारीलाई तलब भत्ता तथा भ्रमण खर्चको व्यवस्था गरिने छ। साथै आन्तरिक पर्यटन प्रवर्द्धन गर्न नगरपालिकाका स्थायी कर्मचारीहरुलाई आ.व. ०७८/७९ मा संघिय सरकारले व्यवस्था बमोजिम दश दिनको भ्रमण विदा सहित सो.को लागि खाईपाई आएको एक महिना बरावरको तलब उपलब्ध गराईनेछ र कर्मचारीमा समय सापेक्ष ज्ञान तथा क्षमता अभिवृद्धि गर्न समय समयमा अभिमूखिकरण तालिम, गोष्ठी तथा अनिवार्य रुपमा अवलोकन भ्रमण गराउँनुको साथै कर्मचारीको अनुशासन कायम राख्न दण्ड र पुरस्कारको नीति अवलम्वन गरिने छ।

२)सेवाग्राहीलाई सुशासनको प्रत्याभुति दिन नगरपालिका, विषयगत शाखा, वडा कार्यालयहरुमा नागरिक बडापत्र लाई समय सापेक्ष संसोधन गरि सो बमोजिम प्रभावकारी सेवा प्रदान गरिने छ

३)निर्वाचित जनप्रतिनिधिहरुले नगरपालिका पदाधिकारीहरुको आचारसंहिता २०७४ को परिपालना गर्दै प्रचलित कानुन तथा नगर कार्यपालिका तथा नगर सभाले पारित गरेको नीति नियमको अधिनमा रहि जनतालाई सर्वसुलभ सेवा प्रदान गरिँदै लगिने छ।

४)स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रवर्धन गर्दै बढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सु-शासन युक्त स्थानीय शासनको प्रत्याभुति गरिँदै लगिने छ ।

**छ)अनुसन्धान तथा विकास :**

१) निर्माण कार्यको गुणस्तर परिक्षण गर्नका लागि आ.व.०७८।०७९मा प्रयोगशाला स्थापना गरिने छ ।

**६) अन्य विविध :**

१)हरिपुर्वा नगर कार्यपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन हुने अयोजनाहरु सञ्चालनका लागि योजना कार्यविधि २०७८ निमार्ण गरी लागु गरिने छ । उक्त कार्यविधिमा व्यवस्था भए बमोजिम लक्षित समूह विकास कार्यक्रममा रकम विनियोजन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिँदै लगिने छ ।

२)बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार बालमैत्री नगरपालिका स्थापना गर्ने तथा बालश्रम उन्मुलन कार्यक्रम अगाडी बढाईने छ ।

३)महिला अधिकार, महिला शशक्तिकरण, घरेलु हिंसा, एच.आई.भि.एडस, महिला स्वास्थ्य आदि बारे जनचेतना अभिवृद्धि गरिने छ । सो कार्यको लागी गैह्र सरकारी संघ संस्थाहरुसँग सहकार्य गरी एकद्वार प्रणालीबाट कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

४)सामाजिक विकृतिका रुपमा रहेका जातीय छुवाछुत, दाइजो (दहेज) प्रथा, बाल विवाह जस्ता सामाजिक कु-संस्कारहरुको न्यूनीकरण गर्नको लागि जनचेतना अभिवृद्धि गरिदै लगिने छ ।

५)उपभोक्ता समितिबाट सञ्चालन हुने सबै आयोजनाहरुमा अनिवार्य रुपमा कम्तीमा १०% नगद लागत सहभागीता गरिने छ । तर महिला मात्र तथा दलित समुदायबाट निर्माण भएको उपभोक्ता समितिमा लागत सहभागिता अनिवार्य हुने छैन ।

६) गरिबी न्यूनीकरणमा सहयोग पुग्ने स्वरोजगार सिर्जना हुने, रोजगारीका अवसरहरु बढ्ने, उत्पादनमूलक पुर्वाधारको विकास निर्माणमा प्राथमिकताका साथ लगानी वृद्धि गर्न निजी, सरकारी तथा गैह्रसरकारी क्षेत्र र अन्य विकास साझेदारीसँग सहकार्य गरिने छ ।

७)अपाङ्ग मैत्री, बाल मैत्री, महिला मैत्री संरचना निर्माणमा जोड दिईने छ ।

८)नगर क्षेत्र भित्र अनियमित र अव्यवस्थित रुपमा जग्गा प्लटिङ्ग गर्ने कार्यलाई नियन्त्रण गर्न जग्गा प्लटिङ्ग सम्बन्धित विनियम तर्जुमा गरी लागु गरिने छ ।

नगर सभासद मित्रहरु अव म माथि उल्लेखित नीति तथा कार्यक्रमको कार्यन्वयनका लागी चाहिने आवश्यक अनुमानित वजेट ( आय - व्यय ) पेश गर्ने अनुमति चहान छु ।

आ.व. ०७७।०७८ को संशोधित बजेट , र आ.व. ०७८।०७९ को अनुमानित आय- (बजेट )

| क्र.स. | बिवरण | आ.व.०७७।०७८ को सशोधित बजेट | आ.व.०७८।०७९ को लागि अनुमानित | कैफियत |
|---|---|---|---|---|
| | | आय तर्फ | | |
| १. | बित्तिय समानिकरण केन्द्रिय | 114500000.00 | ११७१००००० | |
| २. | केन्द्रिय राजश्व बांडफांड | 73241251.00 | ७३७५७००० | |
| ३. | केन्द्रिय सर्शत अनुदान (तराई मधेश समृद्धि तथा प्रधानमन्त्री स्वरोजगार समेत ) | 121800000.00 | १२७८००००० | |
| ४. | केन्द्रीय समपुरक अनुदान | 20000000.00 | २०८००००० | |
| ५. | केन्द्रिय विशेष अनुदान | 0.00 | २७०००००० | |
| ६. | सामाजिक सुरक्षा कार्यक्रम | 77109000.00 | ११००००००० | |
| ७. | प्रदेश समानिकरण | 7374000.00 | ८०२८००० | |
| ८. | प्रदेश सर्शत अनुदान | 8000000.00 | ८०००००० | |
| ९. | प्रदेश राजस्व बाडफाड (सवारी साधन कर) | 3665000.00 | ३६९५००० | |
| १०. | प्रदेश बिषेश अनुदान | 3000000.00 | ३०००००० | |
| ११. | प्रदेश को समपुरक अनुदान | 2000000.00 | २०००००० | |
| १२. | प्रदेश तथा स्थानिय तह क्षमता बिकाश कार्यक्रम | 305000.00 | ०० | |
| १३. | स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम | 10340000.00 | ०० | |
| १४. | बहुक्षेत्रिय पोषण कार्यक्रम | 1892000.00 | १९००००० | |
| १५. | आन्तरिक | 20000000.00 | २०००००० | |
| | | | ० | |
| | जम्मा | 463226251.00 | ५२३०८००००।०० | |

# आ.व. ०७८।०७९ को अनुमानित आय-तथा ब्यय (बजेट )

| क.स | शिर्षक | आम्दानी | खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | बितिय सामान्यिकरण | ११,७१,००,०००।००. | ५०५00000.00 | नगरस्तरीय योजना तथा कार्यक्रम |
| | | | ५८५00000.00 | वडा स्तरीय योजना |
| | | | ८१00000.00 | वडा स्तरीय लक्षित बर्ग कार्यक्रम |
| २ | चालु प्रशासनिक खर्च | ७३७५७000।00 | ७,३७,५७,000।00 | |
| ३ | सामाजिक सुरक्षा कार्यक्रम खर्च | ११0000000।0 | ११0000000।00 | |
| ४ | केन्द्रिय सर्शत अनुदान (तराई मधेश समृद्धि तथा प्रधानमन्त्री स्वरोजगार समेत ) | १२७८00000।00 | १२७८00000।00 | |
| ५ | केन्द्रिय समपुरक अनुदान | २०८00000।00 | २०८00000।00 | |
| ६ | केन्द्रिय विशेष अनुदान | २७000000।00 | २७000000।00 | |
| ७ | प्रदेश तथा स्थानिय तह क्षमता बिकाश कार्यक्रम | 00।00 | 00।00 | |
| ८ | स्थानिय पुर्वाधार विकास सांझेदारी कार्यक्रम | | | |
| ९ | बहुक्षेत्रिय पोषण कार्यक्रम | १९00000।00 | १९00000।00 | |
| १० | प्रदेश सर्शत अनुदान | ८000000।00 | ८000000।00 | |
| ११ | प्रदेश समानिकरण अनुदान | ८०२८000।00 | ८०२८000।00 | |
| १२ | प्रदेश राजस्व बाडफाड ( सवारी साधन कर) | ३६९५000।00 | ३६९५000।00 | |
| १३ | प्रदेश बिषेश अनुदान | ३000000।00 | ३000000।00 | |
| १४ | प्रदेश को समपुरक अनुदान | २000000।00 | २000000।00 | |
| १५ | आन्तरिक आम्दानी बाट हुने कार्यक्रम तथा चालु खर्च | २000000।00 | २000000।00 | |
| १६ | गत वर्षको अल्या बाट | | | |
| | कुल जम्मा | ५२२२८0000।00 | ५२२२८0000।00 | |

नगर प्रमुख